# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## नदिजन्य पदार्थको बिकिका लागी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना
**(प्रथम पटक प्रकाशित मितिः २०७८/०७/१६)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६४ च, को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी राजपत्रमा प्रकाशित दफा ८ को उपदफा (१) संग सम्बन्धीत अनुसुची ८ दहत्तर बहत्तर शुल्कमा तोकेको बिक्रि गने गरि ठेक्का बन्दोबस्त गनुपने भएकोले ईच्छुक फर्म वा कम्पनिहरुले फर्मको नबिकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.ब. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.नं. | बोलपत्र नं./सुचना नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| | KRM-NCB-06-078/079 | कुमाख गाउँपालिका अन्तर्गत भेरी घाट-१ वडा नं.४, भेरी घाट-२ वडा नं.४, त्रिभेनि खोला घाट वडा नं.३, भन्डारखोला घाट वडा नं.२, चिसापानी खोला घाट वडा नं.४, स्यानीपिप्ली खोला घाट वडा नं.४ बाट नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टि, बालुवा, तथा मिस्कट) उत्खन्न तथा संकलन र बिक्रि बितरण कार्य। | ११४४२।५ | **७०६४५९।९५** | कबोल अंकको ५ प्रतिशत | ३००० |

**शर्तहरुः**

१, बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कुमाख गाउँपालिकाको कार्यालय बाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्नु पर्ने छ।
२, फमको नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७७/७८ को करचुत्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र फारम दस्तुर **रु ३०००।०० (तिन हजार)** पछि फिर्ता नहुने गरी यस कार्यालयको **हिमालयन बैंक लि. कुमाख शाखामा** रहेको यस कार्यालयको आन्तरिक **रानश्व खाता नं. ०५९०७७९७६३००११** मा नगत जम्मा गरेको बैंक भैचर साथ निवेदन पेश गर्ने।
३, बोलपत्र पेश गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा गाको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
४, बोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेखे गर्नुपर्नेछ। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
५, आफुले कवोल गरेको अंकले **५ प्रतिशतको** दरले हुन आउने धरौटि यस कार्यालयको हिमालयन बैंक लि. कुमाख शाखामा रहेको यस कार्यालयको धरौटि **खाता नं. ०५९०७७९७६३००५९** मा जम्मा गरी सोको संकलन बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्ग इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी **१२०** दिनको म्याद जारी गरिएको बिड वण्ड बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्नेछ।
६, एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपूवक पर्न आएमा बोलपत्र सम्बन्धी कागजातहरु **मिति २०७८/०७/३० गते दिनको १ बजे** कार्यालयका प्रतिनिधि, निर्माण ब्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खालिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।
७, म्याद नाघी, रीत नपुगी वा शर्तरहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८, बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले **७ दिनभित्र** भ्याट सहित कबोल अंकको प्रथम किस्ता बापत **५० प्रतिशतले** हुने रकम अनिवार्य बुझाउनुपर्ने छ। दोस्रो किस्ताबापत **२५ प्रतिशतलेहुने (२०७८ साल माघ मसान्त भित्र)** र तेस्रो किस्ताबापत २५ प्रतिशतलेहुने **(२०७९ साल जेष्ठ मसान्त भित्र)** रकम बुझाउनु पर्नेछ। नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा **२०७९ साल असोज मसान्त सम्म** म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी ( **परफरमेन्स बन्ड**) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप **१३ प्रतिशत भ्याट** रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।
९, तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस **कुमाख गाउँपालिकाका** नदि तथा नदिहरुको उत्खन्न् क्षेत्र र उत्खन्न् परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानिय तहबाट जारी कानुन, प्रदेश कानुन वा मापदण्ड वमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको विभिन्न वर्ग मानिनेछ।

**नोटः**

१, यस अघि ठेक्का सम्मपन्न भई यस कार्यालयलाई बुझाउन बाँकी किस्ता बापतको रकम बुझाउन बाँकी बोलपत्रदाताको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
२, बिस्तृत जानकारीको लागी यस कार्यालयको website www.kumakhmun.gov.np मा समेत हेर्न सकिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**